श्री ५ को सरकार

## गृह मन्त्रालयको

## सूचना

श्री ५ को सरकारको मिति ०३९।७।२१ को निर्णयले रा.प. द्वितीय श्रेणीका देहायका अधिकृतलाई देहायबमोजिम सरुवा गरिएको छ।

| क्र.सं. | नाम र थर | साबिक पद तथा कार्यालय | हाल पदस्थापन भएको पद र कार्यालय |
|---|---|---|---|
| १. | श्री रेवतीरमण पोखरेल | राजपत्राङ्कित द्वितीय श्रेणी, गृह मन्त्रालय वा अन्तर्गत कार्यालय। | उप-सचिव, गृह मन्त्रालय। |
| २. | श्री कृष्णबहादुर प्रधान | राजपत्राङ्कित द्वितीय श्रेणी, गृह मन्त्रालय वा अन्तर्गत कार्यालय। | उप-सचिव, गृह मन्त्रालय। |

आज्ञाले,
श्रीमती गौरी ढकाल,
कानून अधिकृत (उप-सचिव)

श्री ५ को सरकार

## गृह मन्त्रालयको

## सूचना

जिल्ला कार्यालय सुनसरीका प्र.जि.अ. श्री पुष्पप्रसाद लुइटेल घर बिदामा बस्नु भएकोले उहाँ फर्की हाजिर नभएसम्मको लागि सो प्र.जि.अ. पदमा नि.से.नि., २०२१ को नियम ८.२ को उपनियम (१) को खण्ड (ख) ले दिएको अधिकार प्रयोग गरी सोही कार्यालयका प्रशासकीय अधिकृत श्री नागेन्द्रप्रसाद सिंहलाई मिति ०३९।६।१९ देखि का.मु. मुकरर गरिएको छ।

आज्ञाले,
श्रीमती गौरी ढकाल
कानून अधिकृत (उप-सचिव)

श्री ५ को सरकार

## गृह मन्त्रालयको

## सूचना

श्री ५ को सरकारको मिति २०३९।८।४ को निर्णयले यस मन्त्रालयका रा.प. द्वितीय श्रेणीका अधिकृत श्री ताराप्रसाद शर्मालाई सगरमाथा अञ्चलाधीश कार्यालयको सहायक अञ्चलाधीश पदमा काज खटाइएको छ।

आज्ञाले,
श्रीमती गौरी ढकाल
कानून अधिकृत (उप-सचिव)

६६०

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।